सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily


राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक ३९ ♦ २०८३ साल मंसीर ८ मंगलवार ♦ 24 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

भारत-नेपाल रेलसेवा शुभारम्भ : 'सरयु-कमला एक्सप्रेस'ले जोड्दै राम र सीताको जन्मभूमि

खबर दर्पण समाचारदाता

मंसीर ७ गते, बर्दिवास



भारतको अयोध्याबाट जनकपुर धामका लागि पहिलोपटक सिधा रेल चढेर आउँदै गरेका यात्रुलाई स्वागत गर्न जनकपुरधाम अहिले सिँगारिँदै छ। रामको जन्मभूमि अयोध्याबाट सीताको जन्मभूमि जनकपुरधामसम्म रेल मार्फत आउन लागेका श्रद्धालु तथा पर्यटकको स्वागतका लागि यहाँ विशेष तयारी गरिएको छ। मिथिलाको कला, संस्कृति र परम्परा झल्किने झाँकी तथा सांस्कृतिक प्रस्तुतिसहित उनीहरूलाई स्वागत गर्ने तयारी गरिएको हो।

नेपाल र भारतका दुई ऐतिहासिक तथा धार्मिक नगरीलाई प्रत्यक्ष रेल सेवामार्फत जोड्दै सोमबारदेखि सुरु भएको 'सरयु-कमला एक्सप्रेस'ले जनकपुरधामको धार्मिक पर्यटनमा नयाँ सम्भावनाको ढोका खोलेको छ। नेपालका प्रधानमन्त्री बालेन्द्र शाह र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार नयाँदिल्लीस्थित हैदरावाद हाउसबाट संयुक्त रूपमा भर्चुअल उद्घाटन गरेपछि अयोध्याबाट जनकपुरधामका लागि रेल प्रस्थान गरेको हो।

१७ वटा डिब्बा रहेको उक्त रेलमा एक हजारभन्दा बढी यात्रु सवार रहेको बताइएको छ। अयोध्या स्टेसनबाट प्रस्थान गरेको रेल मङ्गलबार बिहान जनकपुरधाम आइपुग्ने कार्यक्रम छ। रेललाई उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ तथा भारतीय रेल्वेका उच्च अधिकारीहरूले अयोध्याबाट बिदाइ गरेका छन्। जनकपुरधाम आइपुग्ने यात्रुहरूको स्वागतका लागि रेल्वे स्टेसन परिसरमा विशेष पण्डाल निर्माण गरिएको छ। मिथिलाको मौलिक कला, संस्कृति र परम्परा झल्किने झाँकी, गीत-सङ्गीत तथा सांस्कृतिक प्रस्तुतिमार्फत भारतीय पाहुनालाई स्वागत गर्ने तयारी छ। स्वागत कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको समेत उपस्थिति रहने बताइएको छ।

रेल्वे स्टेसन आसपासको सरसफाइलाई पनि विशेष प्राथमिकता दिइएको छ। विगत एक सातादेखि २० देखि २५ जनाको टोली सरसफाइमा खटिएको छ। रेल्वे ट्र्याक वरिपरि रहेका प्लास्टिक तथा अन्य फोहोरजन्य वस्तु सङ्कलन गरी व्यवस्थापन गरिएको छ। नेपाल रेल्वेका महाप्रबन्धक परिवेश पराजुलीले अयोध्याबाट आउने रेल तथा यात्रुको स्वागतका लागि विशेष तयारी गरिएको बताए। उनका अनुसार स्टेसन परिसरमा निर्माण गरिएको मञ्चबाट मिथिलाको कला र संस्कृति झल्किने सांस्कृतिक प्रस्तुति देखाइनेछ। उनले भने, 'अयोध्याबाट जनकपुर आउने रेल र यात्रुहरूलाई यहाँ विशेष स्वागत गरिनेछ। त्यसका लागि स्टेसन परिसरमा मञ्च निर्माण गरेका छौं। त्यहींबाट मिथिलाको कला, संस्कृति झल्किने झाँकी प्रस्तुत गरिनेछ।'

महाप्रबन्धक पराजुलीका अनुसार आगामी सातादेखि जनकपुरधामबाट अयोध्याका लागि नियमित रूपमा सातामा एकपटक रेल सञ्चालन हुनेछ। त्यसका लागि आवश्यक तयारी भइरहेको छ। जनकपुरबाट अयोध्या जान चाहने यात्रुले भारतको अनलाइन टिकट प्रणालीमार्फत सिधै टिकट लिन सक्नेछन् भने नेपाल रेल्वे जनकपुरको काउन्टरबाट पनि टिकट उपलब्ध गराउने व्यवस्था मिलाइएको उनले बताए।

जनकपुरधाम धार्मिक पर्यटनको नयाँ गन्तव्य बन्ने अपेक्षा

जनकपुरधाम र अयोध्याबीच रेल सेवा सुरु भएपछि दुवै धार्मिक नगरीको पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। विशेष गरी रामायणसँग जोडिएका धार्मिक स्थलको दर्शन गर्न चाहने भारतीय तथा नेपाली श्रद्धालुका लागि यो सेवा सहज माध्यम बन्ने देखिएको छ। हिन्दु धार्मिक मान्यताअनुसार अयोध्या भगवान् श्रीरामको जन्मभूमि हो भने जनकपुरधाम माता सीताको जन्मभूमि हो। त्रेतायुगमा राजा जनककी छोरी सीता र अयोध्याका राजकुमार रामबीच भएको विवाहले यी दुई सहरलाई धार्मिक तथा सांस्कृतिक रूपमा जोड्दै आएको छ।

तर, प्रत्यक्ष यातायातको सहज सुविधा नहुँदा लामो समयदेखि दुवै धार्मिक स्थलको दर्शन गर्न चाहने श्रद्धालुले कठिनाइ भोग्दै आएका थिए। अब सिधा रेल सेवा सञ्चालन भएपछि अयोध्यामा रामललाको दर्शन गर्ने श्रद्धालुले जनकपुरधाम आएर जानकी मन्दिरमा पूजा-अर्चना गर्न सक्नेछन्। त्यस्तै, जनकपुरधाम आउने श्रद्धालुका लागि अयोध्या पुगेर राम मन्दिर दर्शन गर्ने अवसर पनि सहज हुनेछ। जनकपुरधामका स्थानीय चन्दनकुमार साहका लागि यो रेल सेवा केवल यातायातको सुविधा मात्र होइन, लामो समयदेखिको धार्मिक चाहना पूरा गर्ने अवसर पनि हो।

जनकपुरधाम वडा नम्बर १ का साह भन्छन्, 'सीता माताको दर्शन त जनकपुरमै हुने गरेको छ। तर, भगवान् रामको जन्मस्थल अयोध्या पुगेर दर्शन गर्ने इच्छा हुँदाहुँदै पनि लामो दूरी र यात्राको झन्झटका कारण जान सकेको थिइनँ। अब रेल सेवा सुरु भएपछि सहज हुने भयो। अयोध्या गएर भगवान् रामको दर्शन गर्ने योजना बनाएको छु।' उनीजस्तै जनकपुर धामका धेरै श्रद्धालुका लागि अयोध्या पुग्न सहज हुने र अयोध्याबाट पनि ठूलो सङ्ख्यामा पर्यटक जनकपुरधाम आउने वातावरण बन्ने स्थानीयको अपेक्षा छ।

दुई हप्तापछि विवाहपञ्चमी, पर्यटकको चाप अत्यधिक हुने अपेक्षा

बाँकी पृष्ठ २ मा

मितव्ययी रुपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।

लक्ष्मीनिया गाउँपालिका, धनुषा

खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/ वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

मिथिला नगरपालिका, धनुषा

खबर दर्पण
राष्ट्रिय दैनिक

विदेशको कमाइ र सीपलाई उद्यममा लगाउँदै यादव

खबर दर्पण समाचारदाता

मंसीर ७ गते, बर्दिवास

लाउँलाउँ खाउँखाउँको किशोर र जवानीको उमेर विदेशमा पसिना बगाउनुभएका महोत्तरीको सोनमा-५ खैरवनीका ३४ वर्षीय मनिषकुमार यादवले आर्जित रकम र सीपलाई उद्यममा लगाउनुभएको छ । अल्लारे १६ वर्षीय किशोर उमेरबाटै भारतको चण्डीगढ, मद्रास र मलेसिया तथा कुवेतमा गरी १५ वर्ष विदेशमा बिताउनुभएका उहाँले आर्जित र कम र सीपलाई अब आफ्नै ठाउँमा च्याउ (तरकारी विशेष) उत्पादनको उद्यममा लगाउनुभएको हो ।

"अब जे सिकेँ र जे आर्जन गरेँ, यहीं लगाउने निधो गरेर च्याउ उत्पादन गर्ने उद्यम थाले", मनिषकुमार भन्नुहुन्छ, "विदेशमा पनि यसबारे अनुभव सँगालेको थिएँ, देश फर्केपछि सरकारले सञ्चालन गरेको च्याउखेतीसम्बन्धी १५ दिने तालिम लिएपछि म ढुक्क भएर काममा लागेको हुँ ।" जिल्लाको भारतीय सीमावर्ती बस्तीका उहाँले च्याउको बजार र मागको सर्वे गरेपछि उद्योग भने बर्दिबासमा सञ्चालन गर्नुभएको छ ।

"अहिले पाँच कट्ठा जग्गा पाँच वर्षको करारमा लिएर उद्योग सुरु गरेको छु, आफ्नो सीप र अनुभवसँगै कृषि विषय नै अध्ययन गरेका दक्ष प्राविधिक भाञ्जा विकास यादवको साथ छ", उहाँ भन्नुहुन्छ, "बजारसँग सम्पर्क र समन्वय छ, प्रत्येक महिना दुई क्विन्टल च्याउ बजार जानेगरी काम थालेको छु ।"

करारको जग्गा बर्सेनि रु १० हजारमा पाइएको र उद्योग सञ्चालन गर्दासम्म रु छ लाख लागत पुगेको मनिषकुमारको भनाइ छ । "मैले कतै ऋण गर्नुपरेको छैन, आफ्नै कमाइ हो", उहाँ भन्नुहुन्छ, "अब बाँकी जीवन घर परिवारका बाबु, आमा, पत्नी र छोराछोरीसँग यतै बिताउने निधोसाथ काम थालेको छु ।"

तरिका पुर्याएर खेती गरिए यसबाट अपेक्षित उत्पादन लिन सकिने उहाँको विश्वास छ । च्याउको अहिले व्यापारीले लाने दर प्रतिकिलो रु १७५ र खुद्रा बिक्री रु २०० प्रतिकिलो रहेको मनिषकुमारको भनाइ छ ।

मधेसका लागि च्याउका प्रचलित चारपाँच जातमध्ये यहाँ कन्ने जात बढी फस्टाउने हुँदा आफूले प्रारम्भ यसैबाट गरेको मनिषकुमारले बताउनुहुन्छ । जाडो याममा यसको उत्पादन राम्रो लिन सकिने हुँदा फागुनसम्म १० क्विन्टल उत्पादन लिने उहाँको लक्ष्य छ । जाडोभरि प्राकृतिक रूपमै उपयुक्त तापक्रम रहने र गर्मी याममा भने तापव्यवस्थापन गरिँदा वर्षभरि नै च्याउ उत्पादन लिन सकिने उहाँको भनाइ छ ।

"मुख्य कुरा उत्पादन र बजारको हो, यसको बजार बर्दिबासदेखि पूर्व इटहरीसम्म जोडेका छौं, मागकर्ताले उत्पादितस्थलबाटै लिएर जाने हुँदा ढुवानीको झन्झट रहँदैन", मनिषकुमार भन्नुहुन्छ, "उद्योग स्थापनाताका बाह्य जनशक्ति लगाउन परे पनि अबका नियमित काम आफ्नै घरपरिवारबाट गर्दैछौं ।" अन्य घरायसी काम नभएका बेला परिवारका सबै यस काममा लाग्नसक्ने हुँदा सबैलाई उत्पादनसँग प्रत्यक्ष जोड्न पाइएको उहाँको भनाइ छ ।

योजनाबद्ध काम थालिए सानै पुँजीमा पनि उद्यम सञ्चालन गर्न सकिने हुँदा विदेशमा हासिल गरेको सीप र अनुभव आफ्नै ठाउँमा ढाल्न सकिन्छ । यो देखाउन पनि आफूले उद्यम स्थापना गरेको मनिषकुमारको भनाइ छ । यो उद्यम स्थापनाका लागि कच्चापदार्थ ९घर बनाउन बाँस, घेरबेरका लागि खर र झुत्रा बोरा आदि० अधिकांश आफ्नै वरपर पाइने चिज छन् । उत्पादन लिन चाहिने मुख्य कच्चा पदार्थ पराल र गहुँको भुस जति पनि सरल मूल्यमा आफ्नै वरपर पाइने भएपछि बीउ र केही औषधिमात्र बजारको भरपर्दो ठाउँबाट ल्याउनुपरेको उहाँ बताउनुहुन्छ ।

"प्रत्येक पटक २८ दिनमा उत्पादन तयार हुन्छ", मनिषकुमार भन्नुहुन्छ, "तयार हुनासाथ व्यापारीले यहींबाटै लान्छन् ।" प्रयत्न नै नगरी केही भएन भन्ने गुनासो गर्ने प्रवृत्ति पनि देखिएको बताउँदै उहाँले आफूलाई सीपसँग जोड्ने, सीपलाई श्रमसँग र त्यसलाई उद्यममा परिणत गर्नुपर्ने युवापुस्तालाई उहाँको सुझाव छ ।

"सीप र श्रम जुटेपछि उद्यमका लागि रकमको सहयोग गर्ने पाइन्छन्", उहाँ भन्नुहुन्छ, "खास गरी वैदेशिक रोजगारीबाट फर्केकाहरूले आफ्नै बलबुताबाट यो गर्न सक्छन् ।" लामो समय विदेश रहेको अनुभवबाट आफूलाई उता बगाइने पसिना अब आफ्नै ठाउँमा बगाउन प्रेरणा जागेको मनिषकुमारले बताउनुभयो ।



"हाम्रो यस ठाउँमै सम्भावना छन्, आफ्नो सीप र दक्षताअनुसार हामीले कामको क्षेत्र छनोट गर्नुपर्छ", उहाँ भन्नुहुन्छ, "सङ्कल्प र लगनचाहिँ चाहिन्छ ।" आफ्ना पुस्ताका विदेश रहेका थुप्रै साथी अहिले अब यतै काममा जुट्ने मनस्थिति बनाइ रहेका मनिषकुमारको भनाइ छ ।

-रासस

भारत-नेपाल रेलसेवा शुभारम्भ .....

अयोध्या-जनकपुर रेल सेवा सुरु भएको केही दिनमै जनकपुर धाममा प्रसिद्ध सीताराम विवाहपञ्चमी महोत्सव आयोजना हुँदैछ। प्रत्येक वर्ष मङ्सिरमा आयोजना हुने विवाहपञ्चमीमा अयोध्याबाट साधुसन्त, महन्थ तथा श्रद्धालुहरूको ठूलो समूह जन्तीका रूपमा जनकपुरधाम आउने पर म्परा छ। यस वर्ष रेल सेवा सञ्चालनसँगै विवाहपञ्चमीको धार्मिक तथा सांस्कृतिक उत्सव थप आकर्षक हुने अपेक्षा गरिएको छ। अयोध्याबाट आउने श्रद्धालुका लागि प्रत्यक्ष रेल सेवा उपलब्ध हुँदा जन्ती तथा पर्यटकको आवागमन सहज हुन सक्नेछ।

'विवाहपञ्चमी केवल धार्मिक अनुष्ठानमा सीमित नभई नेपाल र भारतबीचको सांस्कृतिक सम्बन्ध प्रदर्शन गर्ने महत्त्वपूर्ण उत्सव पनि हो,' जनकपुरधाम-४ का राजकुमार चौधरी भन्छन्, 'यस अवसरमा जनकपुरधाम आउने भारतीय पर्यटकका लागि जानकी मन्दिर, राम मन्दिर, विवाहमण्डप, धनुषसागर, गङ्गासागरलगायतका धार्मिक तथा ऐतिहासिक स्थलहरूको सहज भ्रमणको व्यवस्था मिलाउन सक्नुपर्छ।'

पर्यटन व्यवसायीका लागि पनि रेल सेवा नयाँ अवसरका रूपमा देखिएको छ। भारतीय पर्यटकको आगमन बढेमा होटल, रेस्टुरेन्ट, यातायात, स्थानीय व्यापार, हस्तकला तथा पर्यटनसँग जोडिएका अन्य व्यवसायमा आर्थिक गतिविधि बढ्ने सम्भावना छ। मिथिलाको खानपान, कला, संस्कृति र परम्परालाई पर्यटकसमक्ष प्रस्तुत गर्ने अवसर समेत सिर्जना

६०४ किलोमिटर दूरी, सातामा दुईतर्फी एकपटक रेल

भारतीय रेल्वेले सार्वजनिक गरेको समयतालिकाअनुसार करिब ६०४ किलोमिटर दूरीको जनकपुरधाम-अयोध्या रेल सेवा सातामा एकपटक दुवैतर्फ सञ्चालन हुनेछ। तालिकाअनुसार प्रत्येक शनिबार दिउँसो १ बजेर १० मिनेटमा जनकपुरधामबाट छुट्ने रेल आइतबार बिहान ८ बजेर १० मिनेटमा अयोध्या पुग्नेछ। त्यसै गरी, प्रत्येक सोमबार साँझ ५ बजेर ५० मिनेटमा अयोध्या क्यान्टबाट छुट्ने रेल मङ्गलबार बिहान जनकपुरधाम आइपुग्नेछ।

यो रेल जयनगर, मधुबनी, शिशो, सीतामढी, रक्सौल, नरकटियागञ्ज, गोरखपुर, बस्ती, मनकापुर र अयोध्याधामलगायतका स्टेसनहरूमा रोकिनेछ। रेल सेवाको सुरक्षाका लागि भारततर्फ भारतीय सुरक्षाकर्मी र नेपालतर्फ नेपाली सुरक्षाकर्मी परिचालन हुने व्यवस्था गरिएको छ।

रेललाई बिदाइ गर्दै मुख्यमन्त्री योगीले भने : 'दुई प्राचीन सहरबिच सांस्कृतिक सम्बन्ध पुनर्जीवित'

भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले अयोध्या र जनकपुरधामबीच सुरु भएको रेल सेवाले दुई देशको प्राचीन सांस्कृतिक सम्बन्धलाई पुनर्जीवित गरेको बताएका छन्। उद्घाटन समारोहमा उनले अवध र मिथिलाबीचको परम्परागत 'रोटी-बेटी' सम्बन्ध स्मरण गर्दै यो सेवाले करोडौं श्रद्धालुको तीर्थयात्रा सहज बनाउने बताए। अब नेपालका श्रद्धालु अयोध्या पुगेर रामललाको दर्शन गर्न र भारतका श्रद्धालु जनकपुरधाम आएर माता जानकीको पूजा-अर्चना गर्न सहज हुने उनको भनाइ थियो।

उनले आधुनिक रेल सञ्जालले भारत र नेपालबीचको शताब्दीयौं पुरानो आध्यात्मिक तथा भावनात्मक सम्बन्धमा नयाँ अध्याय थपेको उल्लेख गरे। जनकपुरधाम र अयोध्यालाई जोड्ने यो रेल सेवाले रामायण सर्किट पर्यटनको अवधारणालाई समेत बल पुऱ्याउने अपेक्षा गरिएको छ। दुवै देशका धार्मिक तथा ऐतिहासिक स्थललाई एउटै पर्यटन मार्गमा जोड्न सकेमा धार्मिक पर्यटकको बसाइ अवधि बढाउनुका साथै स्थानीय अर्थतन्त्रमा समेत योगदान पुग्न सक्छ।

भारत सरकारको सहयोगमा जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको भङ्गाहासम्म ब्रोडगेज रेल्वे सेवा सञ्चालनमा छ। नेपाल रेल्वेले आफ्ना दुईवटा रेलमार्फत जयनगर-जनकपुरधाम-भङ्गाहा खण्डमा नियमित यात्रुवाहक सेवा दिँदै आएको छ। यसलाई बर्दिबाससम्म विस्तार गर्ने योजना पनि अघि बढाइएको छ। यसअघि कात्तिकको दोस्रो साता अयोध्याबाट आएको रेललाई यही रेलमार्ग हुँदै जनकपुरधामसम्म ल्याएर परीक्षण गरिएको थियो।

प्रत्यक्ष रेल सम्पर्क सुरु हुनु जनकपुरधामका लागि यातायातको नयाँ सुविधासँगै धार्मिक पर्यटनलाई अन्तर्राष्ट्रिय स्तरमा विस्तार गर्ने अवसर पनि हो। तर, यस अवसर लाई दीर्घकालीन पर्यटन विकासमा रूपान्तरण गर्न जनकपुरधामका धार्मिक स्थलको संरक्षण, पर्यटकीय पूर्वाधार, स्तरीय होटल, व्यवस्थित यातायात, सरसफाइ र पर्यटकमैत्री सेवामा सुधार गर्नुपर्नेमा स्थानीयको जोड छ।

अयोध्याबाट पहिलोपटक रेल चढेर जनकपुरधाम आइपुग्ने यात्रुको स्वागतसँगै सुरु हुन लागेको यो नयाँ यात्राले जनकपुरधामलाई रामायणकालीन धार्मिक सम्बन्धको केन्द्र मात्र नभई नेपाल-भारत धार्मिक पर्यटनको महत्त्वपूर्ण गन्तव्यका रूपमा स्थापित गर्न सहज हुने भएकाले सरोकार वालाहरूले यसलाई दीर्घकालीन बनाउन विशेष रणनीति बनाएर काम गर्नुपर्नेमा जोड दिएका छन्।

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्यौर प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर)	४१-५४०२३२
महेन्द्रनगर,धनुषा	९८४४०२४४५०/ ९८०४८२५८६०
एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज)	०४१-६२०४९१ ९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर	५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर	५४०१६१

कार्यालय सहयोगीको भरमा औरही नगर अस्पतालको प्याथोलोजी ल्याब,दक्ष प्राविधिकबिना रगत सङ्कलनको प्रयास

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
मंसीर ७ गते, महोत्तरी

महोत्तरीको औरही नगर पालिका-१ स्थित औरही आधार भूत नगर अस्पतालको प्याथोलोजी ल्याब कार्यालय सहयोगीको भरमा सञ्चालन भइरहेको सेवाग्राहीले गुनासो गरेका छन्। प्रयोगशाला परीक्षणका लागि आवश्यक दक्ष प्राविधिक कर्मचारी उपस्थित नहुँदा कार्यालय सहयोगीबाटै रगतको नमुना सङ्कलन गर्ने प्रयास भएको उनीहरूको आरोप छ।

अस्पताल बिहान ९:३० बजे सञ्चालन हुनुपर्ने भए पनि स्वास्थ्यकर्मी तथा प्राविधिक कर्मचारी समयमै उपस्थित नहुने गरेको सेवाग्राहीको गुनासो छ। स्वास्थ्य परीक्षणका लागि अस्पताल पुग्दा सम्बन्धित चिकित्सक र प्राविधिक कर्मचारी नभेटिएपछि आफूहरूले सास्ती भोग्नुपरेको उनीहरूले बताएका छन्।

औरही नगरपालिका-१ निवासी बजरंग साह रोनियार स्वास्थ्यमा समस्या देखिएपछि प्रयोगशाला परीक्षण गराउन अस्पताल पुगेका थिए। उनका अनुसार बिहान साढे ९ बजे अस्पताल पुग्दा ल्याबसम्बन्धी काम गर्ने चिकित्सक तथा प्राविधिक कर्मचारी उपस्थित थिएनन्। केही समय प्रतीक्षा गरेपछि कार्यालय सहयोगी मनोज यादवसमेत बजार गएको जानकारी पाएको उनले बताए।

बजारबाट फर्किएपछि कार्यालय सहयोगीले आफूलाई रगत निकालिदिने प्रस्ताव गरेको रोनियारको भनाइ छ। उनले भने, "म बिहान साढे ९ बजे नै ल्याब परीक्षण गराउन अस्पताल पुगेको थिएँ। तर त्यहाँ ल्याबसम्बन्धी काम गर्ने चिकित्सक तथा प्राविधिक कर्मचारी कोही पनि हुनुहुन्थेन। केही समय कार्यालय सहयोगीलाई कुरेर बसेँ। उहाँ बजार घुम्न जानुभएको रहेछ। फर्किएपछि 'ल्याउनुस्, म रगत निकालिदिन्छु' भन्नुभयो।"

कार्यालय सहयोगीले रगत निकाल्ने प्रस्ताव गरेपछि आफूले सम्बन्धित प्राविधिक वा चिकित्सकबिना किन रगत निकाल्न खोजेको भन्दै प्रश्न गरेको रोनियारले बताए। चिकित्सक बिदामा रहेको जानकारी पाएपछि बिदा स्वीकृत भएको प्रमाण देखाउन आग्रह गर्दा कार्यालय सहयोगीले देखाउन नमानेको उनको गुनासो छ।

त्यस्तै,स्थानीय अजय शर्मा पनि सुगर परीक्षण गराउन अस्पताल पुगेका थिए। उनका अनुसार नाम र पदसमेत थाहा नभएका एक कर्मचारीले उनको रगतको नमुना सङ्कलन गरेका थिए। पहिलोपटक अस्पतालमा सुगर परीक्षण गराउन पुगेकाले रगत सङ्कलन गर्ने कर्मचारीको जिम्मेवारीबारे आफूलाई जानकारी नभएको उनले बताए। शर्माले भने,"म सुगर जाँच गराउन अस्पताल आएको थिएँ। त्यहाँ एक जना कर्मचारी हुनुहुन्थ्यो, उहाँको नाम मलाई थाहा छैन। उहाँले नै मेरो रगत निकाल्नुभयो। रगत निकालेपछि खाना खाएर दुई घण्टापछि फेरि आउन भन्नुभयो।"

औरही नगरपालिका-१ औरही निवासी स्थानीय मनोज चौधरीले पनि अस्पतालको सेवा प्रवाहप्रति असन्तुष्टि जनाएका छन्। उनका अनुसार नगर वासीको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको अस्पतालमा दक्ष स्वास्थ्यकर्मी तथा प्राविधिक कर्मचारीको नियमित उपस्थिति सुनिश्चित हुन नसक्दा सर्वसाधारणले समस्या भोग्नुपरेको छ।

उनले भने,"नगरवासीको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको अस्पतालको सेवा नै प्रभावकारी हुन सकेको छैन। अस्पतालमा आवश्यक चिकित्सक र दक्ष प्राविधिक कर्मचारी नियमित उपस्थित हुनुपर्छ। कार्यालय सहयोगीबाट प्रयोगशालाको काम गराउने अवस्था आउनु दुःखद हो। नगर पालिकाले अस्पतालको नियमित अनुगमन गरी सेवा सुधारमा तत्काल ध्यान दिनुपर्छ।"

यस विषयमा औरही नगर पालिकाको स्वास्थ्य शाखामा कार्यरत कर्मचारी चन्द्रभूषण ठाकुरले कार्यालय सहयोगी मनोज यादवलाई प्याथोलोजी ल्यावमा प्रयोगशाला परीक्षण गर्ने कानुनी अधिकार नरहेको बताएका छन्। प्रयोगशाला परीक्षणका लागि सम्बन्धित विषयमा आवश्यक शैक्षिक योग्यता र दक्षता प्राप्त प्राविधिक जनशक्ति अनिवार्य हुनुपर्ने उनको भनाइ छ।

यता, अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी अरुण यादवले आफू निर्धारित समयमै अस्पताल पुगेको दावी गरेका छन्। तर प्याथोलोजी ल्याबको सञ्चालन तथा त्यहाँको कर्मचारी व्यवस्थापनबारे आफूलाई जानकारी नभएको उनले स्पष्ट पारे।यस विषयमा नगर पालिकाका स्वास्थ्य शाखा प्रमुख रवीन्द्र यादवसँग प्रतिक्रिया लिन खोज्दा उनले आफू तालिमका लागि जलेश्वर गएको जानकारी दिए। अस्पतालका इन्चार्ज रामचन्द्र यादवसँग पनि प्रतिक्रिया लिन सम्पर्क गर्ने प्रयास गरिए पनि फोन सम्पर्क हुन सकेन।

अस्पतालको सेवा प्रवाहमाथि प्रश्न

स्थानीयवासीका अनुसार और ही आधारभूत नगर अस्पतालमा स्वास्थ्य सेवा प्रवाहसम्बन्धी समस्या पटक-पटक दोहोरिने गरेको छ। कहिले चिकित्सक उपलब्ध नहुने, कहिले आवश्यक औषधि नपाइने त कहिले स्वास्थ्यकर्मी समयमै उपस्थित नहुने समस्याले सर्वसाधारण प्रभावित हुँदै आएका छन्।

अस्पतालको सेवा प्रवाह र व्यवस्थापनबारे विगतमा पनि



विभिन्न सञ्चारमाध्यममा समाचार प्रकाशित भए पनि अपेक्षित सुधार हुन नसकेको स्थानीयको गुनासो छ। नगर पालिकाबाट अस्पतालको नियमित अनुगमन तथा निरीक्षण प्रभावकारी हुन नसकेको उनीहरूको आरोप छ।नगरभित्र विभिन्न राजनीतिक दल, सामाजिक सङ्गसंस्था, नागरिक समाज तथा युवा समूह सक्रिय रहे पनि नगरवासीको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको अस्पतालको सुधारका विषयमा पर्याप्त चासो नदेखाइएको स्थानीयवासी बताउँछन्।

चुनावका बेला जनताको स्वास्थ्य, शिक्षा र विकासका विषयमा प्रतिबद्धता जनाउने र ाजनीतिक नेतृत्वले नागरिकको दैनिक जीवनसँग जोडिएको स्वास्थ्य संस्थाको सेवा सुधार मा पनि ध्यान दिनुपर्ने उनीहरूको माग छ। अस्पताल कुनै व्यक्ति वा राजनीतिक दलको निजी संस्था नभई सम्पूर्ण नगरवासीको साझा सम्पत्ति भएकाले यसको व्यवस्थापन र सेवाप्रवाह सुधारमा सबै पक्ष जिम्मेवार हुनुपर्ने स्थानीयको भनाइ छ।

अस्पतालमा दक्ष प्राविधिक जनशक्तिको व्यवस्था, स्वास्थ्यकर्मीको नियमित उपस्थिति,आवश्यक औषधिको उपलब्धता र प्रयोगशाला सेवाको गुणस्तर सुनिश्चित गर्न नगरपालिकाले तत्काल पहल गर्नुपर्ने देखिन्छ। साथै, अस्पतालमा भइरहेका सेवा प्रवाहसम्बन्धी गुनासोको निष्पक्ष छानबिन गरी नियमित अनुगमन र प्रभावकारी व्यवस्थापन गर्न स्थानीयवासीले सम्बन्धित निकायसँग माग गरेका छन्।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन बमोजीम मिति २०७४।१२।२५ मा दर्ता भएको प्रा.लि.नं.१८७२६६ भएको गोरखकाली स्याण्ड वासिंग (प्रा.ली.) को २०८३।०८।०७ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ ,९१० बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदावी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८
कीर्तिपुर न.पा.वडा नं. ०४ ,काठमान्डौ
सम्पर्क नम्वरः९८४३२४५९८

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७८।०५।१० मा दर्ता भएको प्रा.लि.नं.२६९४९१ भएको कुमारी गढी कन्स्ट्रक्सन (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०८।०२ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०८।०८

यस कम्पनीको विशेष साधारण समितिको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८३।०८।०२ मा समेत स्वीकृति प्राप्त भई साविक कम्पनी महेन्द्र निर्माण सेवा प्रा. लि. (प्रा.लि.न. ३५१७७३) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोनु पर्ने ऋण, धन, कर दायित्व आदि परिर्वतित नामको अजिमा निर्माण कम्पनी प्रा.ली. अंग्रेजीमा Ajima Nirman Company Pvt.Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजीको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७५।०५।१० मा दर्ता भएको लब्ली एन्जल्स् डान्स एण्ड रेष्टुरेन्ट प्राइभेट लिमिटेड (प्रा.ली. नं. १९७१५६) नामको कम्पनीले दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

भूत मेलालाई लक्षित गरी धनुषाका सात पालिकामा सार्वजनिक बिदा

खबर दर्पण समाचारदाता

मंसीर ७ गते, बर्दिवास

धनुषा र सिरहा जिल्लाको सिमानामा पर्ने कमला नदीमा भूत मेला भनेर चर्चित कार्तिक पूर्णिमाका अवसरमा लाग्ने ऐतिहासिक कमला स्नान मेलालाई लक्षित गरी धनुषाका सात स्थानीय तहले मङ्सिर ८ गते मङ्गलबार सार्वजनिक बिदा दिने निर्णय गरेका छन् ।

गणेशमान चारनाथ नगरपालिका, सबैला नगरपालिका, सहिदनगर नगरपालिका, कमला नगरपालिका, विदेह नगरपालिका, जनकनन्दनी गाउँपालिका र बटेश्वर गाउँपालिकाले एक दिनका लागि स्थानीय सार्वजनिक बिदा दिने निर्णय गरेका हुन् ।

जनकनन्दनी गाउँपालिकाका अध्यक्ष विपिनदेव यादवले सूचना जारी गर्दै ऐतिहासिक कमला स्नान तथा भूत मेलामा सहभागी हुने स्थानीयवासी तथा विभिन्न जिल्ला र स्थानबाट आउने श्रद्धालु भक्तजनको सेवा र सुविधालाई ध्यानमा राखेर बिदा दिने निर्णय गरिएको जनाउनुभएको छ ।

त्यस्तै, कमला नगरपालिकाका प्रमुख विश्वेश्वरप्रसाद यादवले कार्तिक पूर्णिमाका दिन कमला नदीमा स्नान गर्न आउने श्रद्धालु भक्तजनलाई आवश्यक सेवा तथा सुविधा उपलब्ध गराउने उद्देश्यले नगरपालिकाभर सार्वजनिक बिदा दिने निर्णय गरिएको बताउनुभयो ।

गणेशमान चारनाथ नगरपालिकाका प्रमुख जितनारायण यादवले कमला नदीमा वर्षौंदेखि कार्तिक पूर्णिमाका अवसरमा कमला स्नान तथा भूत मेला लाग्दै आएको बताउनुभयो । मेलामा धनुषा र सिरहाका छिमेकी स्थानीय तहका साथै भारतबाट समेत ठूलो सङ्ख्यामा श्रद्धालु सहभागी हुने भएकाले धार्मिक तथा सांस्कृतिक धरोहर को संरक्षण र प्रवर्धनका लागि सार्वजनिक बिदा दिइएको उहाँले जानकारी दिनुभयो ।

नगरपालिकाले जारी गरेको सूचनाअनुसार उक्त दिन नगर कार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालय, सामुदायिक विद्यालय तथा स्वास्थ्य संस्थामा बिदा रहनेछ। यद्यपि, अत्यावश्यक स्वास्थ्य



सेवा भने नियमित सञ्चालनमा रहने जनाइएको छ ।

यसैगरी, विदेह नगरपालिकाका प्रमुख बेचन दासले पर ापूर्वकालदेखि सञ्चालन हुँदै आएको कमला स्नान तथा भूत मेलामा लाखौं श्रद्धालु सहभागी हुने भएकाले नगर क्षेत्रमा सवारी चाप बढ्ने अवस्थालाई समेत मध्यनजर गरी बिदा दिने निर्णय गरिएको बताउनुभयो ।

नगरपालिकाले मङ्सिर ८ गते नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी तथा विद्यालयमा स्थानीय बिदा दिने सूचना जारी गरेको छ ।

कार्तिक पूर्णिमाका अवसरमा कमला नदीमा स्नान गर्न धनुषा, सिरहा, महोत्तरीलगायत मधेस प्रदेशका विभिन्न जिल्लाका साथै छिमेकी मुलुक भारतबाट समेत ठूलो सङ्ख्यामा श्रद्धालु आउने गर्छन् ।

कमला नदीका विभिन्न घाटमा लाग्ने भूत मेलामा श्रद्धालु भक्तजनसँगै धामीझाँक्रीको समेत उल्लेख्य सहभागिता रहने गरेको छ। धार्मिक आस्था, परम्परा र सांस्कृतिक पहिचानसँग जोडिएको कमला स्नान तथा भूत मेला मिथिलाञ्चलको विशिष्ट धार्मिक तथा सांस्कृतिक उत्सवका रूपमा परिचित छ।

पर्यटन प्रवर्द्धन गरौं

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।

कमला नगरपालिका, धनुषा

शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

मिथिला बिहारी नगरपालिका, धनुषा

चाडपर्व मनाऔः सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

धनौजी गाउँपालिका, धनुषा

हुलाक सेवाः नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं ।

जनक नन्दनी गाउँपालिका, धनुषा

सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं/ नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।

गणेशमान चारनाथ नगरपालिका, धनुषा

बिल लिने र दिने बानी बसालौं

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं ।

सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं।

शहिद नगर नगरपालिका, धनुषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८५)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,